# परशुराम नगरपालिकाको सिमानाभित्र रहेका जग्गाहरुको भू-उपयोग वर्गीकरण

## प्रतिवेदन

**<u>बुझाउने</u>**

हरिओम ईन्जिनियरिङ्ग ग्रुप अफ कम्पनिज प्राईभेट लिमिटेड

चन्द्रागिरि-१०, काठमाडौं

फोनः ९८४९८६४१५८

**Hariomengineering970@gmail.com**

मिति: २०८१/०४/२१

# सार संक्षेप

**परशुराम नगरपालिकाको भू-उपयोग** वर्गीकरण तथा नक्सांकन १:१०,००० स्केलमा गरिएको छ। यस अध्ययनको लागि सेटेलाईट ईमेज तथा कित्ता नक्सा सिटहरुको प्रयोग गरिएको छ । सरकारी सार्वजनिक जग्गाहरु, बाटो, खोलानाला, ताल तलैया आदिको कित्ताहरु छुट्याउनको लागि जिल्ला प्रशासन कार्यालय संग रहेका सरकारी सार्वजनिक कित्ता जग्गाहरुको श्रेष्ताहरुको अध्ययन गरिएको छ । त्यसैगरी नगरपालिका क्षेत्रको विस्तृत भू-सर्वेक्षण एवं स्थानिय जनप्रतिनिधि र नागरिकहरुसंग व्यापक अन्तरक्रिया गरिएको छ ।

भू-उपयोग क्षेत्र वर्गिकरणको लागि GIS मा आधारित Multi-Criteria Evaluation, भू-क्षमता, भू-व्यवस्थापन, भू-प्रणाली, वर्तमान भू-उपयोग जोखिम संवेदनसिलताका साथै जनसांखिक मापदण्ड जस्तै जनसंख्या वृद्घि, कृषि तथा जन'नत्वको अध्ययन गरिएको छ । त्यसैगरि विभिन्न Planning Standards र Norms हरुपनि अध्ययन गरि भू-उपयोग क्षेत्र वर्गिकरण गरिएको छ ।

भू-उपयोग क्षेत्र नक्साको परिणाम अनुसार यस नगरपालिका क्षेत्रमा सबैभन्दा बढी प्रस्तावित वन क्षेत्रले ओगटेको छ । प्रस्तावित वन क्षेत्रमा ३३४३४ हेक्टर क्षेत्रफल रहेको छ । प्रस्तावित कृषि क्षेत्रमा ३८८२ हेक्टर क्षेत्रफल रहेको छ ।प्रस्तावित आवासिय क्षेत्रमा १२६२ हेक्टर क्षेत्रफल रहेको छ । प्रस्तावित सार्वजनिक उपयोगको क्षेत्रमा २४९ हेक्टर क्षेत्रफल रहेको छ । प्रस्तावित सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा ५ हेक्टर क्षेत्रफल रहेको छ । प्रस्तावित नदी खोला ताल सिमसार क्षेत्रमा २१८९ हेक्टर क्षेत्रफल रहेको छ ।प्रस्तावित पर्यटकिय क्षेत्रमा ५९ हेक्टर क्षेत्रफल रहेको छ । प्रस्तावित खानि तथा खनिज क्षेत्र, अन्य क्षेत्र, र व्यावसायिक क्षेत्रमा नगरपालिकाको मापदण्ड अनुसार अहिले कुनैपनि कित्ताहरु परेका छैनन् ।

# १. पृष्ठभूमि

मानव जगतको जीवन र सम्बृद्धि सुनिश्चित गर्नका लागि भूमिको उचित प्रयोग हुनुपर्दछ भन्ने कुरामा सन्देह छैन। तर भूमिको परिमाण सीमित हुने जनसंख्या र जनचाहना असिमित रुपमा बढ्दै जाँदा प्रतिव्यक्ति भूमिको मात्रा घट्दै जान्छ। जनचाहना परिपूर्ति गर्नका लागि विभिन्न किसिमका योजनाहरु विभिन्न निकायहरुबाट सञ्चालन गरिन्छन। उत्पादनसंग सम्बन्धित, निर्माणसंग सम्बन्धित तथा संरक्षणसंग सम्बन्धीत जे जस्ता योजनाहरु भए पनि ती सवै मानवीय हितका खातिर भूमिमा नै सञ्चालन गरिने हो। तर उत्पादनको अति महत्वपूर्ण साधन 'भूमि' को बैज्ञानिक उपयोगमा भने नेपाल धेरै पछाडि छ। खासगरी पछिल्लो समयमा कृषियोग्य जमिनको दुरूपयोग भईरहेको छ। सार्वजनिक र निजी क्षेत्र दुवैले भूमिलाई आफ्नो अनुकुल प्रयोग गर्दै आइरहेका छन।

जनसंख्या वृद्धि संगै अहिले नेपालमा कित्ताहरुको संख्या चार करोड भन्दा वढी भएको बताईन्छ। त्यस्तै नयाँ–नयाँ वस्तीहरुको विकास र अन्य पूर्वाधार विकास आयोजनाहरुको विस्तारले प्रकृती र वातावरण माथि थप दवाव सिर्जना भएको छ। उर्वर खेतीयोग्य भूमिहरुमा धमाधम कंक्रिटका संरचनाहरु निर्माण भईरहेका छन्। नेपालको संविधानले कृषीलाई व्यवसायिकरण, आधुनिकीकरण, विविधीकरण गर्नुका साथै भूमि लगायत प्राकृतिक स्रोतको उपयोगलाई सन्तुलित बनाउने नीति लिएको छ। हाम्रो जस्तो अधिकाँश नागरिक कृषिमा निर्भर रहेको देशमा त भू-उपयोगनै सम्बृद्धिको निर्धारक हो भन्दा अत्युक्ति हुँदैन। यस्तो स्थितिमा सामाजिक आर्थिक समृद्धिका लागि भूमिको दिगो र बैज्ञानिक उपयोगनै एउटा उचित विकल्प हुन सक्दछ। त्यसैले प्रभावकारी र उचित भू–उपयोग नीति र योजनाको निर्माण तथा त्यसको व्यवहारिक कार्यान्वयन हाम्रो जस्तो देशको लागि अपरिहार्य छ। हामी यस कुरामा जति विलम्ब गर्छौं त्यति नै त्यसबाट सृजना हुने नकारात्मक परिणामहरुबाट ग्रसित हुनेछौं।

सिमित भूमि श्रोतको उचित उपयोग गर्नको लागि भू–उपयोग योजना आवश्यक हुन्छ। भू-उपयोग योजना निर्माणका लागि भू-उपयोग क्षेत्र वर्गिकरण अनिवार्य छ। नेपाल सरकारले विगत केहि वर्षदेखीको प्रयास पछि स्थानीय तहहरुको विद्दमान भू–उपयोगको नक्शा तयार पारेको छ। भू–उपयोगको Zoning नक्शाको सहायताबाट स्थानीय तहको आवश्यकता समेतलाई बिचार गरी हरेक कित्ता जग्गाको वर्गीकरण गर्नुपर्ने विषय भू–उपयोग ऐन, २०७६ र भू–उपयोग नियमावली २०७९ ले वाध्यकारी बनाएको छ। भू–उपयोग ऐन, २०७६ ले संघीय, प्रादेशिक र स्थानीय तहमा भू–उपयोग परिषद को व्यवस्था गरेको छ। सोही ऐन वमोजिम स्थानीय तहको, भू–उपयोग परिषद्लाई भू–उपयोग क्षेत्र वर्गीकरण गर्न मात्र नभै भू–उपयोग योजना तर्जुमा गरी लागु गर्ने अधिकार एवम दायित्व समेत सुम्पिएको छ।

यस सन्दर्भमा नापी विभाग बाट हाल उपलब्ध तथ्याङ्कलाई स्थानीय तहले स्थानीय वास्तविकता अनुसार ठीक छ छैन रुजु गरी भूबनोट, क्षमता, उपयुक्तता र आवश्यकता समेतका आधारमा भू–उपयोग क्षेत्र वर्गीकरण गरी भूमि प्रशासन एवम भू-उपयोगलाई व्यवस्थित बनाउनु पर्नेछ।

# २. वर्गीकरणको औचित्य

राज्यको सीमित भूमि र भूमि श्रोतको वैज्ञानिक एवम समुचित उपयोग र प्रभावकारी व्यवस्थापनबाट दिगो सामाजिक, आर्थिक विकास गर्न नेपाल सरकारले भू-उपयोग नीति, २०७२ लागु गरेको छ। भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयनको लागि भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ जारी भैसकेको छ। भू-उपयोग ऐन, २०७६ ले समग्र आर्थिक, सामाजिक, वातावरणीय विकास लगायतका विषय समेटी स्थानीय तहमा भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी भू–उपयोग नियमावली २०७९ ले स्थानीय तहको भू–उपयोग क्षेत्र वर्गीकरण र भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पनि स्थानीय स्तरमा भू-उपयोग योजना तर्जुमा गरी कार्यक्रमहरू सञ्चालन गर्ने विषय समावेश छ।

७५३ वटै स्थानीय तहको भू-उपयोग क्षेत्र वर्गिकरण गर्न अत्यावश्यक भू-उपयोग नक्सा तथा सो सँग सम्बन्धित तथ्याङ्कहरु नापी विभागबाट तयार भैसकेको छ। भौगोलिक सूचना प्रणाली (GIS) प्रविधिबाट तयार गरिएका उक्त नक्साहरुको प्रयोग गरी भू–उपयोग क्षेत्र वर्गिकरण गर्ने कार्य आँफैमा जटिल प्रकृतिको र चुनौतीपूर्ण समेत रहेको छ। प्रचलित कानुनहरूले भू-उपयोग क्षेत्र वर्गिकरण र भू-उपयोग योजना तर्जुमा गर्ने कार्य स्थानीय तहहरूको अधिकारक्षेत्र भित्र राखेको भए पनि हाल स्थानीय तहहरूको क्षमता विश्लेषण गर्दा केही बाहेक अधिकांश स्थानीय तहको प्राविधिक क्षमता अपर्याप्त छ। यसप्रकार भू-उपयोग क्षेत्र वर्गिकरण गर्ने विषय स्थानीय तहहरूका लागि जटिल भएकोले सबै स्थानीय तहहरूलाई यस सम्बन्धी कार्यमा प्राविधिक दिशानिर्देशको खाँचो छ।

भू-उपयोग क्षेत्र वर्गिकरण कार्यको मुख्य उद्देश्य उपलब्ध भूमि र भूमि स्रोतको समुचित उपयोग र व्यवस्थापन गर्न भू-उपयोग ऐनले तोके बमोजिमका क्षेत्रहरूमा आवश्यकता अनुसार वर्गीकरण गरी सहभागीतामूलक ढङ्गबाट विस्तृत भू-उपयोग योजना तर्जुमा गर्ने कार्यलाई आधार तयार गर्ने रहेको छ। भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने र भू-उपयोग योजना तर्जुमा गर्ने कार्य नेपालको सन्दर्भमा नितान्त नयाँ, निकै चुनौतीपूर्ण, उच्च तहको प्राविधिक एवम् योजना तर्जुमाको व्यावहारिक ज्ञान आवश्यक छ। यसप्रकारको जनशक्ति र क्षमताको विकास भर्खरै स्थापित भएका प्रदेश र स्थानीय तहहरुमा उपलव्ध भई सकेको छैन।

# ३. उद्देश्यहरु

भूबनोट, क्षमता तथा उपयुक्तता, एवम आवश्यकताका आधारमा गरिने भू–उपयोग क्षेत्र वर्गीकरणका मुख्य उद्देश्यहरु निम्न अनुसार छन् :

(क) विद्यमान भू-उपयोगलाई न्यायोचित एवम उपयुक्तताको आधारमा कृषि, आवास, व्यवसायिक, वन लगायत विभिन्न वर्गमा विभाजन गरी क्षेत्रगत भूउपयोग योजना तर्जुमा गर्न सहयोग पुर्याउने ।

(ख) खाद्य असुरक्षा तथा वातावरणीय विनास (भूमि, वायु र जल) जस्ता चूनौतिहरु सृजना हुन नदिन भूमिको अव्यवस्थित प्रयोग नियन्त्रण गर्ने ।

(ग) भईरहेका एवं अव विकास हुने वस्तीहरुलाई स्वच्छ, सुन्दर एवम सुरक्षित बनाउन व्यवस्थित वस्ती विकासका योजनाहरु तयार गर्न सहयोग पुर्याउने।

**यसका विशिष्ट उद्देश्यहरु निम्न छन् :–**

(क) परशुराम नगरपालिकामा भू–उपयोग क्षेत्रहरुको वर्गिकरण देखि अनुमोदन तथा स्वीकृत गराउने चरण सम्म आवश्यकता अनुसार विभिन्न वैठक तथा समूहगत छलफलहरु आयोजना गर्ने ।

(ख) हाल उपलब्ध भू–उपयोग क्षेत्र सम्बन्धी नक्शा, स्याटेलाईट ईमेज, कित्ता अध्यारोपण (क्याडष्ट्रल सुपरइम्पोज) एवम स्थलगत अध्ययनका आधारमा स्थानीय तहमा भू–उयोग क्षेत्र वर्गीकरण सम्बन्धी निर्णय गर्ने।

(ग) कित्ता नापी हुनेबेलाका साविकको गाविसहरु लाई समेत मध्यनजर गरि हाल उपलब्ध भू–उपयोग क्षेत्र नक्शा एवम कित्ता अध्यारोपण तथा हालको अवस्था समेत विश्लेषण गरि प्रत्येक कित्ता कित्ताको वर्गिकरण गर्ने।

(घ) भू–उपयोग क्षेत्रमा सम्पूर्ण कित्ता जग्गा मिलान वा सूचिकृत गर्ने र सबै आवश्यक तथ्याङ्क एवम अभिलेखहरु राख्न तथा तिनलाई चलाउन सघाउने र भू-उपयोग योजना तयार पार्न सघाउने ।

# ४. अध्ययन क्षेत्र

परशुराम नगरपालिका सुदूरपश्चिम प्रदेशको डडेल्धुरा जिल्लाको पश्चिमी भागमा पर्छ। विद्यमान दुई गाविस जोगबुडा र सिरसालाई गाभेर परशुराम नगरपालिका गठन भएको हो । यद्यपि १७ औं शताब्दीको प्रारम्भदेखि यहाँ मानिसहरू बसोबास गर्न थाले। परशुराम नगरपालिकाका पुराना बासिन्दाका अनुसार भगवान परशुरामको प्रसिद्ध धाम थियो । त्यसैले जनताले नगरपालिकाको नाम परशुराम राख्ने सहमति गरेका छन् ।

परशुरामले उत्तरमा भागेश्वर गाउँपालिका र दक्षिणमा कञ्चनपुर जिल्ला, पूर्वमा आलिताल गाउँपालिका र पश्चिममा भारतसँग सिमाना जोडेको छ। यो नगरपालिका २८°५९'५३.१३७" अक्षांश देखि २९°१५'१९.५१९" अक्षांश सम्म र ८०°११'२४.८४७" देशान्तर देखि ८०° २९' ७.८३" देशान्तरसम्म फैलिएको छ । यस नगरपालिकाले ४१०.८२ वर्ग किलोमिटरको क्षेत्रफल ओगटेको छ।

# ५. कार्य क्षेत्र

भू–उपयोग नियमावली, २०७९ ले व्यवस्था गरे बमोजिम भू–उपयोग क्षेत्र नक्शा तथा विवरण प्राप्त भएपछि भू–उपयोग क्षेत्र वर्गीकरण गर्दा देहायका कुरालाई विचार गरिएको छ :

(क) स्थानीय आवश्यकता (स्थानीय भू-उपयोग परिषदले तयार पारेको मापदण्ड तथा स्थानिय नागरिकहरुको आवश्यकता)

(ख) प्राप्त भू–उपयोग क्षेत्र नक्शा एवम तथ्याङ्कहरु

(ग) "भू-उपयोग नियमावली,२०७९" को नियम ८ मा उल्लिखित भू–उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड तथा क्षेत्रफल।

## ५.१ भू-उपयोग क्षेत्र वर्गीकरणको तयारी अन्तर्गत सम्पन्न गरिएका कार्यहरुः

(१) नापी विभागबाट परशुराम नगरपालिकाको भू-उपयोग नक्सा र तथ्याङ्कहरु प्राप्त भए/नभएको यकिन गरी विद्यमान भू–उपयोग नक्शा र भूमि सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको ।

(२) कार्य क्षेत्रभित्रको सम्पुर्ण जग्गाहरुलाई समेट्ने गरि ५ मिटर रिसोलुसनको सेटेलाईट ईमेज Map Puzzle को प्रयोग गरि डाउनलोड गरिएको ।

(३) डाउनलोड गरिएको सेटेलाईट ईमेज हरुलाई Mosaic गरि MUTM प्रणालीमा Transformation गरिएको ।

(४) परशुराम नगरपालिका भरिका कित्तानापी नक्साहरुको Scan गरिएको विवरण संकलन गरिएको ।

(५) नक्सा तथा तथ्याङ्क प्राप्त भएपछि ती तथ्याङ्कको महत्व, उपयोगिता, प्रयोग विधि लगायत विषयमा जानकारी गराउन परशुराम नगरपालिकाको स्थानीय भू-उपयोग परिषदका सदस्यहरु, जनप्रतिनिधिहरु, स्थानीय बुद्धिजिविहरु तथा नागरिकहरुको लागि कार्यशाला एवम अन्तरक्रिया गरिएको ।

(६) नगरपालिकाका पदाधिकारीहरु, मालपोत कार्यालयका प्रतिनिधीहरु र नापी कार्यालयका प्रतिनिधीहरु एवम अन्य सरोकारवाल पक्षहरुसंग आवश्यकता अनुसार वैठक तथा समूहगत छलफल गरिएको ।

## ५.२ स्थानीय आवश्यकताहरु पहिचान गर्नको लागि गरिएका कार्यहरुः

(१) भू-उपयोग क्षेत्र निर्धारण गर्नुअघि परशुराम नगरपालिकाको स्थानीय भू-उपयोग परिषद मार्फत परशुराम नगरपालिका क्षेत्रभित्रको सम्पूर्ण जग्गाको विशेषता सहित विस्तृत सूचना वा जानकारी हासिल गरिएको ।

(२) परशुराम नगरपालिकामा के/कस्तो भू-उपयोग क्षेत्रहरू हुनुपर्ने हो वा के/कस्तो भू-उपयोग क्षेत्र कायम गर्न उपयुक्त हुने हो सोको एकीन गर्नको लागि स्थानिय वासिन्दा एवं विज्ञहरु संग छलफल गरिएको ।

(३) प्रत्येक वडामा वडा अध्यक्षको नेतृत्वमा वडा सदस्यहरू, किसानहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सम्बन्धित विषयगत क्षेत्रमा कार्यरत सरकारी वा गैरसरकारी संस्थाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि लगायतसँग छलफल तथा परामर्श गरिएको ।

## ५.३ भू-उपयोग नक्शा एवं तथ्याङ्कहरुलाई अध्ययन तथा विश्लेषण गर्नको लागि गरिएका कार्यहरुः

(१) नापी विभागबाट प्राप्त भू-उपयोग नक्शा तथा तथ्याङ्कहरूलाई जियोरिफरेन्सिङ्ग गरिएको ५ मिटर रिसोलुसनको स्याटेलाईट ईमेज तथा सो क्षेत्रको कित्तानापी नक्साहरुमाथि ओभरले गरेर अध्ययन गरिएको ।

(२) नापी विभागबाट प्राप्त भू-उपयोग नक्सा तथा तथ्याङ्कहरुले फिल्डको वास्तविकतालाई शुद्धसँग नक्साङ्कन गरिएको छ कि छैन, भू-उपयोग नक्सामा गरिएको भू-उपयोग क्षेत्र वर्गीकरण स्थानीय तहको माग र आवश्यकता बमोजिम छ कि छैन भनि अध्ययन गरिएको ।

(३) नक्सा तथा तथ्याङ्कहरुले फिल्डको वास्तविकतालाई शुद्धसँग नक्साङ्कन नगरिएको पाईएको हुदाँ त्यस्ता त्रुटिहरुलाई सच्याईएको जस्तैः अधिकांश व्यक्तिगत जग्गामा भएका जङ्गलहरु वन क्षेत्रमा वर्गीकरण गरिएको पाईएको हुँदा त्यस्ता त्रुटिहरु लाई सच्याईएको।

(४) परशुराम नगरपालिकाको आवश्यकता अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गर्न प्राप्त नक्सा तथा तथ्याङ्कहरुलाई आवश्यकता र औचित्यताका आधारमा संशोधन, परिमार्जन तथा अद्यावधिक गरिएको ।

## ५.४ भू-उपयोग क्षेत्र वर्गीकरण

(१) भू-उपयोग क्षेत्र वर्गीकरण गर्दा भू-उपयोग ऐन, २०७६ को दफा ४ बमोजिम हुनेगरी सम्बन्धित स्थानको भूबनोट भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा भूमिलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी, खोला, ताल, सिमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र, लगायत आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रमा वर्गिकरण गरिएको ।

(२) नापी विभागले निर्धारण गरेको प्राविधिक स्पेसिफिकेसन तथा "भू-उपयोग नियमावलि २०७९" ले तोकेको न्यूनतम क्षेत्रफल बमोजिम भू-उपयोग वर्गीकरण गरिएको ।

(३) परशुराम नगरपालिकाको स्थानीय भू-उपयोग परिषदले स्वीकृत गरेको भू-उपयोग वर्गीकरण सम्बन्धी आधार तथा मापदण्ड अनुसार भू-उपयोग क्षेत्रहरु वर्गीकरण गरिएको ।

## ५.५ नक्शा एवम तथ्याङ्कको अद्यावधिक

(१) नापी विभागबाट प्राप्त भू-उपयोग नक्सा तथ्याङ्कहरूलाई जियोरिफरेन्सिङ्ग गरिएको ५ मिटर रिसोलुसनको स्याटेलाईट ईमेजमाथि ओभरले गरेर परशुराम नगरपालिकाको स्थानीय भू-उपयोग परिषदले तयार पारेको मापदण्ड अनुसार परिमार्जन वा अद्यावधिक गरिएको । स्याटेलाईट ईमेजबाट छुट्याउन नसकिएका Feature हरुको डाटा फिल्डमा नै गएर संकलन गरेर सोको आधारमा भू-उपयोग नक्साहरु अद्यावधिक गरिएको।

(२) नापी विभागबाट प्राप्त भू-उपयोग नक्सा तथ्याङ्कहरूलाई जियोरिफरेन्सिङ्ग गरिएका कित्तानापी नक्साहरुमाथि ओभरले गरेर परशुराम नगरपालिकाको स्थानीय भू-उपयोग परिषदले तयार पारेको मापदण्ड अनुसार परिमार्जन वा अद्यावधिक गरिएको ।

(३) फिल्डबुक एवं श्रेष्ताहरुको आधारमा सरकारी सार्वजनिक जग्गाहरु तथा वनहरुको विवरण यकिन गरि भू-उपयोग क्षेत्र वर्गीकरण गरिएको ।

(४) भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी नक्सा तथ्याङ्क अद्यावधिक गरिसकेपछि उक्त नक्सा सम्बन्धित स्थानको समान माननापको कित्ता नापीको नक्सासँग ओभरल्याप गरी कित्ता नापी र भू-उपयोग क्षेत्र निर्धारणको सुपरइम्पोज नक्सा तयार गरिएको ।

(५) उक्त नक्सा र तथ्याङ्कका आधारमा कुन कित्ता कुन भू-उपयोग क्षेत्रमा परेको छ भनि यकिन गरी विवरण तयार गरिएको ।

(६) भू-उपयोग क्षेत्र वर्गीकरण गरी नक्सा तयार गर्दा कुनै कित्ता जग्गा दुई वा दुई भन्दा बढी भू-उपयोग क्षेत्रमा पर्न गएको देखिएमा सो सम्बन्धमा परशुराम नगरपालिकाले तय गरेको मापदण्डमा उल्लेख गरिए अनुसार प्राथमिकताको आधारमा उक्त कित्ताहरुलाई वर्गीकरण गरिएको ।

(७) फिल्डमा रुजु गरिएका प्रत्येक जग्गाका कित्ताहरुलाई उचित किसिमको भू–उपयोग क्षेत्रमा वर्गीकरण गरिएको।

(८) जनसहभागिताको आधारमा भू–उपयोग क्षेत्रहरु वर्गीकरण गर्न स्थानीय तहमा भू–उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यक्रमको वारेमा स्थानीय नागरिकहरुलाई जानकारी दिइएको र उनीहरु संग बसी सो कार्य सम्पन्न गरिएको ।

(९) आवश्यक पर्दा स्थानीय क्लब, सामुदायिक संघसंस्था, शिक्षक, सामाजिक कार्यकर्ता, नागरिक समाज, जेष्ठ नागरिक, आमा समूह आदिको सहयोग लिइएको।

(१०) जनसंख्याको आधारमा वसोबास क्षेत्रको वर्गीकरण गर्दा सन् २०३१, २०४१ र २०५१ सम्मको प्रक्षेपणलाई आधार मानेर क्षेत्र वर्गीकरण गरिएको ।

(११) वर्गीकरण गरिसकेपछि प्रत्येक भु-उपयोग क्षेत्रमा परेका प्रत्येक कित्ताहरुको रुजु गरि प्रतेक वडा भित्रका साबिक वडा नम्बर अनुसार विभिन्न भू-उपयोग क्षेत्रमा परेका प्रत्येक कित्ताहरुको कित्तागत विवरण तयार गरि यसै साथ संलग्न गरि परशुराम नगरपालिकामा बुझाईएको छ ।

## ६. प्रविधि हस्तान्तरण वा तालीम

परशुराम नगरपालिकाको स्थानीय भूउयोग-परिषद्का सबै सदस्यहरुलाई भू-उपयोग वर्गीकरण गरिसकेपछि वर्गीकरण गरिएको जग्गाहरुको बारेमा पुर्ण जानकारि दिन तथा सो वर्गीकृत जग्गाहरुलाई भविष्यमा के कसरि प्रयोग एवं संरक्षण गर्न सकिन्छ भन्ने विषयमा परशुराम नगरपालिकामै गएर २ पटक अभिमुखिकरण गरिएको छ। त्यसैगरि परशुराम नगरपालिकामा कार्यरथ ३ जना प्राविधिक कर्मचारिलाई भू-उपयोग क्षेत्र वर्गीकरण गरेको डाटावेस हेरेर उक्त डाटावेसबाट आवश्यक सूचना प्राप्त गर्न सक्ने गरि सक्षम बनाउनको लागि आवश्यक तालिम प्रदान गरिएको छ ।त्यसैगरि परशुराम नगरपालिकामा कार्यरथ १ जना प्राविधिक कर्मचारिलाई भू-उपयोग वर्गीकरण सम्बन्धि सम्पुर्ण प्राविधिक एवं व्यवस्थापकिय कार्य गर्न सक्ने गरी सक्षम बनाउनको लागि आवश्यक तालिम प्रदान गरिएको छ ।

## ७. प्रतिवेदन

परामर्शदाता कम्पनिले निम्नानुसारको कार्य सम्पन्न गरी तोकिएको मिति भित्र नगरपालिकामा तल उल्लेख गरिएका प्रतिवेदनहरु बुझाएको छ ।

| प्रतिवेदन | समावेश गरिएका विवरण, तथ्याङ्क र कागजातहरू | समय सीमा |
|---|---|---|
| १. | प्रारम्भिक प्रतिवेदन | परशुराम नगरपालिकासंग समन्वय गरी भू-उपयोग क्षेत्र वर्गीकरणका लागि गरिने छलफल सम्बन्धी मिति कार्यतालिका, विज्ञ टोली परिचालनको विवरण, तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिने फारम आदिको विवरण आदि खुलाएर सम्झौता भएको १० दिनभित्र |
| २. | मस्यौदा प्रतिवेदन | भू–उपयोग क्षेत्र वर्गीकरणलाई 'स्थानीय भू-उपयोग परिषद्' समक्ष पेस गरि आवश्यक पृष्ठपोषण एवम सल्लाह सुझाव लिन सम्झौता भएको ५० दिनभित्र |
| ३. | अन्तिम प्रतिवेदन मस्यौदा प्रतिवेदन माथि 'स्थानीय भू–उपयोग परिषद्' ले दिएको पृष्ठपोषण र सुझाव समावेश गरी 'भू–उपयोग क्षेत्र वर्गीकरण'को अन्तिम प्रतिवेदन स्थानीय तहलाई उपलब्ध गराउने। | कार्य सम्झौता भएको मितिले ६० दिनभित्र |

## अनुसुचि-१

| क्र.स | भू-उपयोग क्षेत्र | क्षेत्रफल(हेक्टर) | प्रतिसत | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि क्षेत्र | ३८८२ | ९.४५ | |
| २. | आवासीय क्षेत्र | १२६२ | ३.०७ | |
| ३. | व्यावसायिक क्षेत्र | | | |
| ४. | औद्योगिक क्षेत्र | | | |
| ५. | खानी तथा खनिज क्षेत्र | | | |
| ६. | वन क्षेत्र | ३३४३४ | ८१.३९ | |
| ७. | नदी, खोला, ताल, सीमसार क्षेत्र | २१८९ | ५.३३ | |
| ८. | सार्वजनिक उपयोगको क्षेत्र | २४९ | ०.६१ | |
| ९. | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | ५ | ०.०१ | |
| १०. | पर्यटकिय क्षेत्र | ५९ | ०.१४ | |
| **जम्मा** | | | | |